AWADHARANA : **अवधारणा**
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 7, September 2022
Published by Creative Democrat Academy

# श्रीको खोजी कथासङ्ग्रहमा शक्तिको लघुराजनीति

**लक्ष्मीशरण अधिकारी**
**सहप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 14 June 2022; Reviewed 1 July 2022; Accepted 20 Aug. 2022*
*Author: Laxmi Saran Adhikari Email: laxmisaran23@gmail.com*
*DOI: https://doi.org/10.3126/awadharana.v7i1.49338*

## सार

*प्रस्तुत श्रीको खोजी कथासङ्ग्रहमा शक्तिको लघुराजनीति शीर्षकको यस लेखमा मिसेल फुकोको शक्ति र ज्ञानसम्बन्धी मान्यताका कोणबाट कथाकार इस्मालीका कथाहरूको विश्लेषण गरिएको छ। नेपाली समाजमा शक्तिको उपभोग गर्ने वर्गले के कसरी ज्ञान र शक्तिका बलमा नेपाली समाजमा शोषण गरेको छ र त्यसको प्रतिरोध कसरी भएको छ भन्ने कुरा देखाउने उद्देश्यले यो आलेख तयार पारिएको हो । प्रस्तुत कथाको विश्लेषणका लागि चाहिने सामग्री पुस्तकालयका माध्यमबाट सङ्कलन गरिएको छ । फुकोका शक्ति, ज्ञान र सङ्कथनसम्बन्धी मान्यता प्रस्तुत गर्दा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने उनका सैद्धान्तिक मान्यतालाई कथाभित्रका घटना र पात्रका माध्यमबाट पुष्टि गरिएकाले आगमनात्मक विधिको समेत उपयोग गरिएको छ। सुरक्षा निकाय, सरकार र राज्यका संयन्त्रमा मात्र शक्ति हुन्छ भनिने परम्परागत मान्यतालाई विनिर्माण गर्दै शक्तिको अस्थिरता देखाउनु र शक्ति कस्ता ठाउँमा लुकेर रहेको हुन्छ भन्ने कुराको खोजी गर्दै इस्मालीका कथाका आधारमा पुष्टि गर्नु यस लेखको प्राप्ति हो ।*

**मुख्य शब्द/शब्दावली** : ज्ञान, प्रतिरोध, वर्गीय चिन्तन, वामपन्थी नेताहरूको अन्तर्विरोध, शक्तिको उपभोग ।

## विषय प्रवेश

समसामयिक यथार्थमा आधारित कथा लेख्ने इस्माली (२०१२) का *माछो माछो भ्यागुतो* (२०५२), *घाम घामजस्तो छैन* (२०५८) *काट जर्किन डी* (२०६४), *इस्मालीका प्रतिनिधि कथा* (२०६७) र प्रस्तुत *श्रीको खोजी* (२०७३) गरी पाँचवटा कथासङ्ग्रह प्रकाशित छन् । उनका *सेतो आतङ्क* (२०३९) र *जिरो माइल* (२०५६) गरी दुईवटा उपन्यास पनि प्रकाशित छन् । उनले पारिजात सृजन पुरस्कार (२०५३) तथा मैनाली कथा पुरस्कार (२०६६) पनि प्राप्त गरेका छन् । यस आलेखमा इस्माली *श्रीको खोजी* कथासङ्ग्रह विश्लेषणका लागि चयन गरिएको छ ।

यस कथासङ्ग्रहमा २०५७ देखि २०७३ सम्मको अवधिमा प्रकाशित भएका बीस वटा कथाहरू समेटिएका छन् । यस कथासङ्ग्रहमा समाजका विभिन्न क्षेत्रका पात्रहरू– नेता, समाजसेवी, डाक्टर, न्यायाधीश, प्राध्यापक, शिक्षक, आन्दोलनकारी, पुलिस, चोरडाँकाहरू, विभिन्न भूमिकामा उपस्थित छन् । यी पात्रहरूमध्ये कुनै पीडकको भूमिकामा छन् भने कुनै पीडितको भूमिकामा उपस्थित छन् । यस लेखमा मिसेल फुकोको शक्ति तथा ज्ञानसम्बन्धी सिद्धान्तलाई आधार बनाएर उनका कथाहरूमा समाजमा शक्तिको उपभोग कसरी भएको छ र त्यसको प्रतिवाद कसरी भएको छ भन्ने अध्ययन गर्न खोजिएको हो । फुकोले शक्तिको लघुराजनीति वा सूक्ष्मराजनीति (माइक्रोपोलिटिक्स अफ पावर) का पक्षको धारणा राखेका छन् । समाजका साना घटकहरू पनि शक्ति हुन्छ । यसैलाई लघुराजनीति भनिएको हो । श्रीको खोजीमा साना घटकहरूले के कस्तो राजनीति गरेका छन् भन्ने कुरा खोज्नु यसको उद्देश्य हो ।

## समस्या तथा उद्देश्य

नेपाली कथामा शक्तिको लघुराजनीति भन्ने विषय प्राज्ञिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण विषय हो । नेपाली कथामा विभिन्न प्रयोगहरू भएका छन् र त्यस्तै शक्ति विभिन्न ठाउँमा छरिएर रहेको कुरामा पाठकहरू अवगत भए पनि शक्तिको प्रयोग कसरी भइरहेको छ भन्ने विषयमा वस्तुगत अध्ययन भएको देखिदैन । त्यसैले यस आलेखमा इस्मालीको *श्रीको खोजी* कथासङ्ग्रहमा शक्तिका लघुघटकहरूको प्रयोग र उपभोग के कसरी गरिएको छ र त्यसको प्रतिवाद के कसरी भइरहेको छ भन्ने जिज्ञासालाई मुख्य समस्याका रूपमा लिइएको छ । प्रस्तुत प्राज्ञिक जिज्ञासाको खोजी गर्नु यस आलेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन *श्रीको खोजी* कथासङ्ग्रहमा शक्तिको लघुराजनीतिको विश्लेषणमा केन्द्रित छ । कथाहरूको विश्लेषण गर्ने क्रममा शक्तिसम्बन्धी सैद्धान्तिक आधारको उपयोग गरिएकाले निगमनात्मक र त्यस सैद्धान्तिक मान्यतालाई कथाहरूका आधारमा पुष्टि गरिएकाले आगमनात्मक विधिको पनि उपयोग गरिएको छ । शक्तिसम्बन्धी मान्यता पूर्वीय वाङ्मयमा र फुकोभन्दा पहिले पनि भेटिने भए पनि यसमा फुकोको शक्ति र ज्ञानसम्बन्धी सैद्धान्तिक मान्यतालाई चयन गरिएको छ । विश्लेषणका क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनका लागि मुख्य स्रोत शक्ति, ज्ञान र सङ्कथन सम्बन्धित लेख, समालोचाना र शोधपत्रलाई बनाइएको छ ।

## पूर्वकार्यको समीक्षा

मिसेल फुकोको शक्ति, ज्ञान र सङ्कथनलाई आधार बनाएर नेपाली आख्यानात्मक कृतिको विश्लेषण गर्ने काम हुन सकेको देखिन्न । इस्मालीका कथाका बारेमा निनु चापागाईं र ताराकान्त पाण्डेले मार्क्सवादी कोणबाट अध्ययन गरेका भए पनि त्यो अध्ययन इस्मालीको *श्रीको खोजी* प्रकाशित हुनुभन्दा पहिलेको हो । दयाराम श्रेष्ठ (२०७०)ले इस्मालीको कथाकारिताका बारेमा समीक्षापरक टिप्पणी गर्दै उनले वामपन्थी नेताहरूको अन्तर्विरोध र दलित, नारीलगायत

विभिन्न तप्काका शोषित वर्गका मानिसहरूका पीडालाई कथामा उतारेर नेपाली समाजको संरचनामा भएका कमजोरी देखाएका छन् भन्ने टिप्पणी गरेका छन् । उनको टिप्पणीबाट नेपाली समाजमा शोषणका बहुआयाम छन् भन्ने खुले पनि शक्तिको उपभोग कुनकुन तप्काले कसरी गरेका छन् र त्यसको प्रतिरोध कसरी भएको छ भन्ने खुलासा यसमा स्पष्ट भएको छैन । त्यस्तै भावना प्रसाईंले *इस्मालीको श्रीको खोजी कथासङ्ग्रहमा पात्रविधान* (२०७४) शोधपत्रमा इस्मालीलाई समाज र राष्ट्रलाई अग्रगतितर्फ उन्मुख गराउने कथाकार भनेकी छन् । उनले इस्मालीका निम्न वर्गीय पात्रहरू संघर्षशील र सकारात्मक छन् भन्दै समसामयिक विषयवस्तुलाई पात्रका माध्यमबाट देखाउन सक्नु कथाकारको कौशलता हो भनेकी छन् । उनले पात्रहरूले शक्तिको उपभोग कसरी गरेका छन् भन्ने विषय समेटेर अध्ययन गरेकी छैनन् । उनको अध्ययन परम्परागत पात्रविधानमा सीमित छ । उनीबाहेक अरुले यो आलेख तयार पार्दाको समयसम्म यस विषयमा अध्ययन गरेको देखिदैन ।

## मिसेल फुको तथा शक्तिको लघुराजनीति

मिसेल फुको (सन् १९२६–१९८४) का सिद्धान्तहरू मूलतः शक्ति, ज्ञान र सङ्कथनका विचारमा केन्द्रित छन् । फुको मार्क्सवादी दार्शनिक लुइस अल्थुसर, मार्क्स, हेगेल, कान्त, लकाँ, रोला बार्थ, डेरिडा नित्से लगायतका लेखकबाट प्रभावित लेखक हुन् । फुकोका *द आर्कियोलोजी अफ नलेज, डिसिप्लिन एन्ड पनिस* (१९७५), *हिस्ट्री अफ सेक्सुआलिटी* (भोल्युम १), *हिस्ट्री अफ सेक्सुआलिटी* (भोल्युम २) र *हिस्ट्री अफ सेक्सुआलिटी* (भोल्युम ३), *पावर/नलेज* (१९८०), *हिस्ट्री अफ म्याडनेस* लगायतका पुस्तकहरू प्रकाशित छन् ।

फुकोले *द आर्कियोलोजी अफ नलेज*मा सङ्कथनको निर्माण र प्रयोगबारे विमर्श गर्दै एउटा कथनको पहिचान अन्य कथनसँगको सम्बन्धले निर्धारित हुन्छ भनेका छन् । उनले *डिसिप्लिन एन्ड पनिस*मा शक्तिभन्दा पृथक् शुद्ध ज्ञान हुँदैन भनेका छन् । उनले *'हिस्ट्री अफ सेक्सुआलिटी'* (१९७६) मा शक्ति सामाजिक सञ्जालमा सर्वव्यापी हुन्छ । यो असङ्ख्य बिन्दुबाट प्रयुक्त हुन्छ । शक्ति तलबाट आउँछ जहाँ शक्ति हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । प्रतिरोधका बहुलता हुन्छन्, प्रत्येक प्रतिरोध विशिष्ट हुन्छन् भन्छन् (फुको, १९७८ : पृ. ९४) । मानिसले शक्तिको प्रयोग सङ्कथनका माध्यमबाट गर्छ । संकथनले शक्ति पैदा गर्छ भन्ने उनको मान्यता छ । उनका भनाइमा सत्य र ज्ञान स्वाधीन प्रक्रियाबाट निर्माण हुँदैनन् (उप्रेती, २०६८ : पृ. ३५) । ज्ञानलाई शक्तिको सम्बन्ध र त्यसको ऐतिहासिक धर तलबाट बुझ्नुपर्छ ।

फुकोले *आर्कियोलोजी अफ नलेज* (१९६९) पुस्तकमा सङ्कथनहरू, तिनका आन्तरिक नियम र संरचना, अन्तर्सम्बन्ध, निरन्तरता, व्यतिक्रम, परिवर्तन, विकास र पतनको व्याख्या गरेका छन् (हार्थन, १७, १८, उद्धृत शर्मा, २०७४ : पृ. ६३) । आर्कियोलोजीको मुख्य काम 'अर्काइभ' को विश्लेषण हो । सङ्कथन र कथनसम्बन्धी समग्रताका रूपमा आर्कियोलोजी शब्दको प्रयोग भएको छ (शर्मा, २०७४ : पृ. ६३) । सन् १९७० देखि नयाँ पद्धतिका रूपमा जिनियोलोजी शब्दको प्रयोग गरेको पाइन्छ । उनले विगतदेखि वर्तमानसम्म जोड्ने इतिहासलाई जिनियोलोजी भनेका छन् ।

मिसेल फुकोका विचारमा इतिहास लेख्ता भाषा र व्यवहारलाई छुट्टाएर लेखियो । इतिहास लेख्ता भाषा छुटाउनु हुँदैन । भाषामा पनि इतिहास हुन्छ भन्ने उनको मान्यता छ । फुकोको शक्तिको अवधारणा मार्क्सवादीहरूको भन्दा भिन्न छ । उनीहरूका अनुसार शक्तिको मुख्य स्रोत आर्थिक पक्ष हुन्छ भने फुकोका अनुसार राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा पनि शक्ति फैलिएर रहेका हुन्छ । घरमा बाबु, विद्यालयमा शिक्षक, अफिसमा हाकिम पनि शक्तिका स्रोत हुन् । मार्क्सवादीहरूले शक्तिलाई आर्थिक, सामाजिक शोषणको माध्यम हो भने फुकोका विचारमा शक्ति शोषण र सिर्जना दुवैको इन्जिन हो । शक्तिका माध्यमबाट परिवर्तनशील, अस्थायी सामाजिक सत्यहरूको निर्माण हुने गर्छ । ती अस्थायी सत्यहरू संसारको जुनसुकै भागमा जहिले पनि सत्य रहिरहने साबिक सत्य होइनन् (उप्रेती, २०६८, पृ.४०) । यी अस्थायी सत्य भए पनि यिनले मानिसको जीवनलाई प्रभाव पार्छन् । जहाँ शक्ति छ त्यहाँ प्रतिरोध छ भन्ने फुकोको भनाइले प्रतिरोधलाई स्थान दिन्छ (गौतम, २०७१, पृ.१२३) । उनले साना संरचनाहरूमा प्रतिरोध खोज्दै तिनैमा जोड दिए ।

मिसेल फुकोको खोज मानव विज्ञान र प्रतिदिनको जीवन हो । तत्कालीन सामाजिक समस्या, जेलका बन्दीका समस्या, समलिंगीका यौनिक समस्या र पश्चिमी समाजमा यौनिक समस्याप्रतिको दृष्टिकोण उनका खोजका विषयहरू हुन् । उनका भनाइमा व्यक्ति आफैले आफ्ना समस्याहरू खोज्नुपर्छ । तथ्य र सत्य धेरै अवरोधहरूले जेलिएको हुन्छ । सत्य र तथ्य सामाजिक सम्बन्धहरूको जटिल सञ्जाल, संयन्त्र र निषेधहरूमा निहित हुन्छ । सत्य र असत्यको कुरा शक्ति संरचनासित र जटिल संकथनसित गाँसिएको हुन्छ (मिल्ज, सन् २००७, पृ. ७५) भन्दै उनले इतिहासले तथ्य बताउन सक्तैन भने । फुकोले मनोविश्लेषणको व्यक्ति सिद्धान्त र मार्क्सको आर्थिक सिद्धान्तलाई आंशिक रूपमा उपयोग गरी आफ्नो विश्लेषणको सिद्धान्त आर्कियोलोजी र जिनिओलजी बनाए ।

हबर्ट ड्रिफस र पल रबिनोले फुकोको दार्शनिक चिन्तनलाई चार चरणमा बाँडेका छन् । पहिलो चरणमा फुकोले हेडेगरको सादृश्य घटनावादका सम्भावनाहरूलाई खोजे । दोस्रोमा आर्कियोलोजी (संरचनावाद) सङ्कथनका भाषिक, वैचारिक खोजी गरे । तेस्रोमा जिनियोलजी (विनिर्माण) शक्ति र सङ्कथनको सम्बन्ध खोजे र चौथो चरणमा नैतिकताको नयाँ मोडल विकास गर्ने रूचि देखाएर बन्दीहरूको जीवन सुधारका लागि प्रयास गरे ।

फुकोले ठुला व्यक्ति वा संस्थाहरूमा मात्र शक्ति रहन्छ भन्ने होइन साना घटकहरूमा पनि शक्ति रहन्छ जसको भूमिका बुझ्नु आवश्यक छ भने । सत्ताले शक्तिको प्रयोग विभिन्न संयन्त्र र प्रविधि मार्फत गर्छ । अस्पताल, क्लिनिक, जेल, स्कुल विश्वविद्यालय, पुलिस, सेना यिनका अनुशासनात्मक संयन्त्र मार्फत शक्तिका प्रयोग हुन्छ । फुकोका दृष्टिमा शक्ति संस्थाभन्दा बाहिर पनि हुन्छ (अबेरा, २०१२, पृ. ४) । अहिलेका सहरमा जडित सिसिटिभी हुन्छन् । यसले नयाँ शक्ति र अनुशासन कायम गरेर नियन्त्रण कायम गरेको छ ।

फुकोका भनाइमा सामाजिक अभ्यासको अध्ययन गर्दा नै शक्तिका स्रोतहरूका बारेमा थाहा हुन्छ । उनी के तर्क गर्छन् भने ज्ञानको अभिव्यक्ति विभिन्न संकथनका माध्यमबाट व्यक्त हुन्छ र यसको स्रोत शक्ति हो (लेमोन, २००३, पृ. ३६४) । त्यसैले शक्तिको कुनै निश्चित भूमि हुँदैन । वर्तमान

समयमा ठूला सरकारी संरचनामा मात्र शक्ति छैन । ज्ञान वस्तुगत हुँदैन भन्ने कुरा उनले ज्ञानलाई शक्तिसँग जोडेर व्यक्त गरेका छन् ।

## श्रीको खोजीमा शक्तिको लघुराजनीति

*श्रीको खोजी* कथासङ्ग्रहमा सामाजिक, आर्थिक र प्रशासनिक विषयलाई मूल कथ्य बनाइएका 'राहत', 'बढुवा', 'भगवतीको भोक', 'करोडप्रति प्रकाशन', 'राष्ट्रसेवक', 'श्रीको खोजी' ' अग्रगमन', 'डिल्लीराज', 'श्रीमान्को खोजी', 'पाँचौं पुरुष', 'छोराको बिहे', 'गोलखाँडी', 'वाइओके' कथा हुन् भने राजनीतिक, विषयलाई मूल कथ्य बनाइएका कथाहरू 'सपना', 'आन्दोलन', 'चमत्कारवाद', 'धृतराष्ट्र', 'राजनीतिमा लयरायन', 'तराई तराईजस्तो छैन, पहाड पहाडजस्तो छैन' र ' तीन सय चौरानब्बे' कथा हुन् ।

शक्ति निकायहरूमा रहेका व्यक्तिहरूको हातमा हुन्छ र शक्तिहीनहरूले संघर्ष गरेर शक्तिशालीहरूबाट खोसेर लिन्छन् भन्ने परम्परागत व्याख्यालाई मिसेल फुकोले असहमति प्रकट गरे । समाजको प्रत्येक तहमा शक्ति हुन्छ र त्यो लुकेर रहेको हुन्छ भन्ने कुरामा इस्मालीको पनि विश्वास देखिन्छ । *श्रीको खोजी* कथासङ्ग्रहमा कुन तह र तप्काका मान्छेले शक्तिको उपभोग गरेका छन् र त्यसको प्रतिवाद कसरी भएको छ भन्ने अध्ययन गर्न खोजिएको छ ।

'राहत' कथा २०७२ सालको पृष्ठभूमिलाई आधार बनाएर लेखिएको कथा हो । दुई परिच्छेदमा संरचित यस कथामा गृह मन्त्रालयको भूतपूर्व कर्मचारी भविन्द्रले नभत्केको पुरानो गोठ भत्काउँछ र अंशवण्डा भइसकेको भनेर तीन भाइ छोरा आफूसमेत गरी चारजनाको नाममा राहत दाबी गरेर नाम लेखाउँछ । छिमेकीले भ्रष्ट भनेर कुरा काढ्ता हामी पीडितले लिएनौं भने तिनै कर्मचारी र नेताहरूले डकारी डकारी खान्छन् भनी कर्मचारी हुँदाको अनुभव र ज्ञानका जोडले आफ्नो भ्रष्ट छवि लुकाउँछ । भुइँचालो गएको वर्ष दिन बितिसक्दा पनि वास्तविक पीडितहरूले राज्यबाट सहयोग पाउँदैनन् । पत्रकार परिश्रमी र क्रान्तिकारी पार्टीको युवक सङ्ग्रामले भविन्द्रको भण्डाफोर गर्छन् । टोलका मान्छेहरूले यिनीहरूलाई स्याबासी दिन्छन् ।

'बढुवा' शीर्षकको कथामा विश्वविद्यलायको गिर्दो हविगतको चित्रण छ । प्रोफेसरको जाँचमा जम्मा चार अङ्क ल्याउने कौशलेन्द्रले जाँच दिने विषयमा धेरै सिट खुलाइन्छ । सात अङ्क ल्याएर बढुवा भएको ज्ञाननाथ हाकिमको प्रिय पात्र कौशलेन्द्रलाई पास नगराइ नहुने अवस्थामा आफू बढुवा भएकाले बढुवा हुँदा पनि बधाई लिन हिच्किचाएको छ । यस कथामा आंशिक शिक्षकलाई निरीह दे खाइएको छ । यस्तो बेथितिका बारेमा कतैबाट पनि प्रतिवाद भएको छैन ।

'भगवतीको भोक' शीर्षकको कथामा स्वास्थ्य क्षेत्रको विकृति केलाउँदै यसमा स्वास्थ्य माफियाहरूले आफ्नो ज्ञान र शक्तिको प्रयोग गरेर सीमान्तकृत वर्गको शोषण गरेका छन् भन्ने देखाइएको छ । कथाको केन्द्रमा वर्गीय चिन्तन छ । यस कथामा प्रमुख महिला पात्र भगवती बाह्रै महिना ट्यूसन पढ्छे, विद्यालयका नामी शिक्षकहरू उसका घरमै गएर पढाउँछन् । कक्षामा प्रथम हुने विनयलाई कापी कलम किन्न पनि समस्या छ । आर्थिक शक्ति बलियो भएकाले भगवती मध्यम

खालकी प्रतिभा भए पनि डाक्टर हुन्छे भने पढाएर पढ्नुपर्ने अवस्थाको विनय प्रतिभाशाली भए पनि शिक्षक हुन्छ । आफ्नो सहपाठी र सहयोगी विनयकी पत्नी विशाखाको फाल्नै नपर्ने पाठेघर विनयको अज्ञानताको फाइदा उठाएर फाल्छे । पाठेघर फाल्दा तीस चालिस हजार फाइदा हुने भएकाले उसले थुप्रै गरिब गरिब महिलाको पाठेघर फाल्छे । पैसाकी भोकी वरिष्ठ स्त्री रोग विशेषज्ञ डाक्टर भगवतीले विरामी महिलाको अज्ञानता र आफूमाथिको विश्वासको शोषण अकुत सम्पत्ति आर्जन गरेको कुरा खुलस्त भएपछि रमिलाले प्रतिवाद गर्छे र उसको समर्थनमा भीड उर्लिन्छ । सरकार आयोग गठन गर्न बाध्य हुन्छ ।

'करोडपति प्रकाशक' शीर्षकको कथामा मामा र भाञ्जाको कथा भनिएको छ । वाक्‌पटुता र विनोदी स्वभाव मामाको शक्ति छ । यही शक्तिको बलले भाञ्जालाई काठमाडौँ लैजान्छ र भाञ्जाको शोषण गर्छ । मामाबाट नै सिकेको बेइमानीका बलमा भाञ्जा पनि करोडपति बन्छ । मामाको शोषणको प्रतिवाद भाञ्जाले बेइमानीबाट गरेको छ । यी मामा भाञ्जाको ज्ञान र शक्तिका कारणले वर्गोत्थान भएको छ र निम्न वर्गबाट मध्यम वर्गमा उक्लिएका छन् ।

'राष्ट्रसेवक' शीर्षकको कथामा कर्मचारी प्रेमप्रसाद पौडेलसँग ज्ञान छ तर शक्ति र संकथनको क्षमता छैन । यो कथा फुकोको जहाँ ज्ञान हुन्छ, त्यहाँ शक्ति हुन्छ कथनसँग मेल खाँदैन । नेता र कर्मचारी प्रशासन नै भ्रष्ट भएकाले ऊ शासक भएर पनि शासित बनेको छ ।

'श्रीको खोजी' सङ्ग्रहको एउटा कथा हो । यसमा सीमान्तकृत पात्र सिरीमाथि न्यायाधीश श्रीमान्‌ले शोषण गरेको छ । उत्पीडक पात्र श्रमिान्‌सँग ज्ञान र शक्ति छ । त्यसैले सिरीलाई बन्धक बनाएर शोषण गरे पनि ऊ जेल जानु पर्दैन । ऊ सिरीलाई मानुपाथी भरेर अदालतबाट मुक्ति पाउँछ । आर्थिक शक्ति नभएकाले सामान्य बदनियत गरे पनि जरिवाना तिर्न नसकेर रामजी कैदी जीवन बिताउन बाध्य हुन्छ । धर्माकारीले प्रतिवाद गरेकाले सिरीले नाम मात्रको भए पनि न्याय पाएकी छ ।

'अग्रगमन' शीर्षकको कथामा वामपन्थी दलको पुरानो कार्यकर्ता दुलालसँग शक्ति र ज्ञान दुबै छ । दलमा लागेर र 'दलित उत्थान मञ्च' नामको एनजिओ चलाएर उसले शक्तिआर्जन गरेको छ । पढालेखा पात्र हुनाले ऊ कुरा गर्न सिपालु पनि छ । ऊ फकाउन र धम्क्याउन जान्दछ । मान्छे बटुलेर मन्दिर प्रवेश गर्नु उसको दलितको हितका लागि भन्दा रणनीति बढी हो । पोखरेल पण्डित पढेलेखा पात्र हो । ऊसँग शास्त्रीय ज्ञान छ । ऊ हिन्दु धर्ममा छुवाछुत छैन पछिकाले थपथाम गरेका हुन् भन्दै दलितहरूलाई उदार मनले मन्दिरभित्र प्रवेश गराएर पूजाविधि सिकाउँछ । पोखरेल पण्डितको धार्मिक ज्ञान दलित उत्थानका निम्ति इन्जिन भएको छ ।

'डिल्लीराज' शीर्षकको कथामा डिल्लीराजको संकथन क्षमता बेजोड हुनाले ऊ शक्तिशाली बनेको छ । उसले छिमेकी गाउँका गिरिराज, झलराज, पशुराज, पुष्पराज, गजराजहरू सबै ठुलाबडा र गण्यमाण्य व्यक्तिहरूलाई खेलाएको छ । यिनीहरू डिल्लीराजसँग एक्लाएक्लै भेट्छन् र सम्झौता गर्छन् । उसले यिनीहरूलाई जुधाउँछ र फाइदा लिन्छ । निजी स्वार्थमा लागेकाले यी सबैको शक्ति छिरलिएको छ र अस्थिर भएको छ । यी सबै जुन दिन मिल्छन्, त्यही दिन

डिल्लीराजका शक्ति पनि टिक्तैन । शक्ति अस्थिर हुन्छ भन्ने कुरा कथामा पुष्टि भएको छ । कथानक संरचनाका हिसाबले पनि यो कथा सङ्ग्रहमै उत्कृष्ट बनेको छ ।

'श्रीमान्‌को श्री' शीर्षकको कथामा न्यायाधीशहरूलाई कार्वाही गर्ने कानुन नभएकाले उनीहरू शक्तिशाली भएको देखाइएको छ । अकुत सम्पत्ति कमाउने, गाउँबाट बालिका झिकाएर घरेलु कामदार बनाउने, यौनशोषण गर्ने, बहुविवाह गर्ने र गर्भवती भएमा आर्थिक शक्तिको दुरूपयोग गरी कुनै गरिब केटा खोजेर विवाह गर्ने गरेको देखाइएको छ । न्यायाधीशलाई कार्वाही गर्ने कानुन नबनेकाले न्यायाधीशहरूले शक्तिको दुरूपयोग गरेको देखिन्छ । यस कथामा न्यायाधीशहरू सबैका हुन सकेका छैनन् । राज्यको न्यायिक अंग सुधारिएको छैन भन्ने सन्देश यस कथामा व्यक्त गरिएको छ ।

'पाँचौं पुरूष' शीर्षकको कथामा पितृसत्ताबाट पीडित नारी कृष्णाको संघर्ष देखाइएको छ । विभिन्न पुरूषले उसको यौनशोषण गर्ने हर्कत गरेका छन् । ऊमाथि गरिएका विभेदको प्रतिरोध घरभित्रैबाट र छिमेकीहरूबाट पनि भएको छ । संयोगले जागिर भेट्टाएपछि उसको प्रतिरोध गर्ने क्षमता पनि बढेको छ । मिसेल फुकोको सङ्कथनको अवधारणा बहिष्करण पनि महत्त्वपूर्ण पक्ष हो (शर्मा, २०७४, पृ. ५६) । नेपाली समाजमा छोरा नै चाहिन्छ भन्ने छ र छोरीहरू बहिष्करणमा परेका छन् । घरदेखि माइतसम्म छोरीहरू कसरी बहिष्करणमा परेका छन् भन्ने खोलुवा यस कथामा भएको छ ।

'छोरीको बिहे' पारिवारिक कथा हो । सुब्बिनीको परिवार शिक्षित छ र जागिरको सिलसिलामा विभिन्न जिल्ला घुमेकाले सांस्कृतिक विविधताको अनुभव पनि बटुलेको छ । बिहे गरेर ल्याएकी बुहारी दोजिया परे पनि बुहारकिा मनमा घाउ पर्ने गरी कुरा गर्न नहुने र घरका सदस्यको व्यक्तिगत घटना बाहिर लैजानाले घरमै क्षति हुने आँकलन सुब्बिनीका बुढाले गरेकाले परिवारमा द्वन्द्व हुन पुगेको छ । कथाकारले यस कथामा समयअनुसार दृष्टिकोण फेर्दै लैजानु पर्ने सन्देश दिएका छन् । सुब्बिनीका बुढाको पारिवारिक राजनीतिलाई कथाकारले अग्रगमन देखेका छन् ।

'गोलखाँडी' चोरहरूको बारेमा लेखिएको कथा हो । राज्यको वातावरण नै चोर्ने खालको छ । मिसेल फुकोले शासनात्मकताका बारेमा वर्णन गर्ने क्रममा सरकार शब्दले एकातिर राज्य सञ्चालनको सिप जनाउँछ भने अर्कातिर व्यक्तिको आफूमाथिको नियन्त्रण जनाउँछ भनेका छन् । अरुमाथि शासन गर्नेले आफूमाथि शासन गर्न सिक्नुपर्छ । नेपालका मन्त्रीहरू र हाकिम नै चोर भएको कुरा एउटा चोरले साधुसँग यसरी भन्छ– "भो, भो धेरै उपदेश नछाँट, साला गोलखाँडी । कस्ता कता मन्त्री, हाकिम त चोर्ने लुट्ने गर्छन् । हामी त के ..." (पृ. १८४) । सरकारले आफ्नो आचरण नसुधारी देशमा चोरी हट्तैन भन्ने सन्देश यो कथाले दिन्छ ।

'वाइओक' स्वैरकाल्पनिक कथा हो । यसमा लगनशील, कर्मशील, मेहनती, त्यागी र परोपकारी भावना भएको मान्छे पनि सङ्कथन बलियो नभए शक्तिशाली नहुने कुरा व्यक्त गरिएको छ । नेपाली समाजमा ईश्वर मान्नेहरूको संख्या धेरै छ । घण्टकर्णले ईश्वरप्रति अविश्वास गर्छ । त्यसैले पनि आफ्ना समर्थकहरू भड्किएको अड्कल गर्छ । समाजशास्त्र, संस्कृति आदिको विषयगत

सीमाले संकथनलाई स्वीकार्य र अस्वीकार्य बनाउँछ (शर्मा, २०७४, पृ. ५८) । यसमा घण्टाकर्णको सङ्कथन अस्वीकार्य बनेको छ ।

इस्मालीले ठूला दलहरूमा रहेको शक्तिका बारेमा पनि वर्णन गरेका छन् । उनका बीसवटा कथामध्ये सातवटा कथामा ठुला दलहरूमा रहेको शक्तिको वर्णन छ । तीन सय चौरानब्बे शीर्षकको कथामा अग्रगमन दलका बारेमा वर्णन गरिएको छ । मिसेल फुकोले शक्ति अस्थिर हुन्छ भनेका छन् । कथाको आरम्भमा ठूलो देखिएको अग्रगमन दलमा भ्रष्टहरू समावेश हुँदै जान्छन् र कथाको अन्त्यतिर दल फुटेको समाचार छापिन्छ । फुटेर क्रान्तिकारी बनेको दलमा पनि भ्रष्ट छवि भएका व्यक्तिको प्रवेश भएको छ । दल फुट्नु भनेको पनि शक्तिको प्रतिरोध हो ।

'आन्दोलन' शीर्षकको कथामा पनि शक्तिको अस्थिरताको वर्णन छ । आन्दोलन गरेर दल शक्तिमा आउँछ । शक्तिमा आएपछि नेताहरूको बानी बदलिन्छ र दल भुत्ते हुन्छ । विप्लव भनिने कार्यकर्ता अब आन्दोलन तपाईहरूतिर सोझिन्छ भनेर चेतावनी दिन्छ । शक्तिकेन्द्रको प्रतिरोध हुन्छ र यस्तो प्रतिरोध निरन्तर चलिरहन्छ भन्ने सन्देश कथाले दिन्छ ।

इस्मालीले चमत्कारवाद कथामा शक्तिको अस्थिरतालाई देखाएका छन् । दलले चमत्कारका कुरो गर्छ । नेताहरूको बोलीमा मिठास र कुरामा जादु हुन्छ । उनीहरू चटक, करिस्मा, घुलन र छलाङका कुरा गर्छन् । देशको विकास वासिङ्टनले छेकेको छ भन्छन् । वासिङ्टनका नेता दिल्ली हुँदै नेपाल आइपुग्छन् । कम्युनिस्ट नेताहरूले आफ्ना अगुवाका झण्डा र फोटा लुकाएर वासिङ्टन र दिल्लीलाई प्रसन्न पार्छन् । हाम्रो दललाई वासिङ्टन र दिल्लीले मान्यता दियो भनेर रमाउँछन् तर दर्शकका घानमा बसेको वृद्धले पाल्सी कुरा गरेर हामीलाई अल्मल्याउने कुरा गर्न पाइँदैन भनेपछि सभामा खैलाबैला मच्चिन्छ । नेता छिटो सभा विसर्जन गर्न बाध्य हुन्छ । वर्तमानका दलहरूको अस्थिरताको चित्रण गर्न कथा सफल छ ।

'धतराष्ट्र' कथामा पनि शक्तिको अस्थिरतालाई औंल्याइएको छ । देशको हितमा अभिव्यक्ति दिने डा. इकृसे, लेखक विवेकराज, प्राध्यापक लोकमणि, अधिकारवादी मनुराम र वकिल तर्कमानलाई सरकारले गिरफ्तार गर्छ । यिनको गिरफ्तारीले देशमा खैलाबैला मच्चिन्छ । बौद्धिक वर्ग यिनीहरूको जीवन रक्षाको माग गर्दै आन्दोलनमा उत्रिन्छ । अखबार, टि.भी., रेडियो आदिले पनि दबाबको समाचार बनाउँछन् । अदालतले पनि गिरफ्तारीको कारण देखाऊ आदेश दिन्छ । देशमा आन्दोलन चर्किन्छ र सरकार झुक्छ । इकृसे र विवेकराज मरणाशन्न अवस्थामा भेटिन्छन् । लोकमणि, मनुराम र तर्कमान सत्तासँग साँठगाँठ गरेर विदेश पलायन भइसकेका हुन्छन् । सत्ताको चरित्र पुनः धृतराष्ट्र नै बन्छ । आन्दोलनको र दबाबको निरन्तरताको माग गरेर कथा टुङ्गिन्छ । यो कथामा दमनको विरूद्ध राजनीति भएको छ । फुकोको राजनीति पनि वैचारिक दमन विरूद्धको राजनीति हो ।

'सपना' भन्ने कथामा राजनीतिक नयाँ युग ल्याउने सपना देखेर पढाइ र हुँदाखाँदाको जागिर त्यागी भूमिगत भएका क्रान्ति लगायतका पात्रहरूको कथा भनिएको छ । क्रान्तिमा लागेका पात्रहरूमध्ये

बाट नै विप्लवले शक्ति आर्जन गर्छ र पैसा उठाउने जिम्मा पाउँछ । उसले उठाएको पैसा आफ्नो व्यक्तिगत प्रयोजनमा उपभोग गर्छ । पढाइ छाडेर क्रान्तिमा लागेका अन्य पात्रसँग लडाइँबाहेक अन्य विषयमा नयाँ ज्ञान र सूचना शक्ति छैन । जो बाठा छन्, तिनैले ती विद्रोही पात्रको शोषण गरेका छन् । लडाइँ उत्रेका सबै पात्रहरूसँग बराबर शक्ति छैन । ज्ञान नभई क्रान्तिमा लागेकाहरूको निरन्तर शोषण भइरहन्छ, तिनले शक्ति आर्जन गर्न सक्तैनन् भन्ने अप्रत्यक्ष सन्देश कथामा व्यक्त भएको छ ।

मार्क्सवादीहरूका निम्ति शक्ति कुनै निश्चित संस्था राज्य निकाय वा सरकारमा मात्र हुन्छ । फुकोका अनुसार शक्ति सम्बन्धात्मक हुने हुनाले प्रत्येक तहमा हुन्छ । 'राजनीतिमा लरायन' भन्ने कथामा लरायन पात्रको वाणी क्षमता सशक्त छ र सङ्गठन क्षमता पनि त्यस्तै छ । उसको क्षमता थाहा पाएर उसलाई एउटा मधेस केन्द्रित दलले आफ्नो दलमा प्रवेश गराउँछ र सांसदको टिकट पनि दिन्छ । दलमा प्रवेश गरेपछि उसले नारायण अधिकारी नामबाट नागरिकता लिन्छ । उसले मार्क्सवादी दलको पनि व्यक्ति हत्या पृष्ठभूमि भएको र वर्तमान सुविधा भोगी बन्दै गएको छ भनी मार्क्सवादीहरूको प्रतिरोध गर्छ र चुनाव जितेर सांसद् बन्छ । गुण्डागर्दी छाडेर ठूलो दलमा लागेको कलुवाले आफूमाथि लागेका मुद्दा खारेज गर्छ । कुन व्यक्ति डाँका हो र कुन व्यक्ति डाँका होइन भन्ने कुरा शक्तिले निर्धारण गर्छ भन्ने कुराको खोलुवा यस कथामा भएको छ ।

'तराई तराई जस्तो छैन, पहाड पहाडजस्तो छैन' शीर्षकको कथामा तराईमा बस्ने पहाडियाका समस्या केलाइएको छ । यो कथा वर्गीय समस्यामा भन्दा क्षेत्रीय समस्या केन्द्रित छ । तराई मधेस केन्द्रित दलहरूले आन्दोलन गरेपछि भूमिगत गिरोह सक्रिय भई तराई मधेसमा बस्ने पहाडियाहरू असुरक्षित भई थातबास छाडेर भाग्नु परेको छ । तराईका बासिन्दा पनि चन्दा आतङ्कको मारमा परेका छन् । भूमिगत गिरोहलाई तराईका दलहरूको आशीर्वाद छ । पुलिसको शक्ति घटेको छ र उसले सुशासन दिन सकेको छैन । राज्यको भन्दा तराई केन्द्रित दलको र तिनको भन्दा भूमिगत गिरोहका हातमा वास्तविक शक्ति पुगेको छ । यसमा तराई मधेस आन्दोलनका क्रममा तराई मधेसका निरीह बासिन्दाको अवस्था गम्भीर रूपमा प्रस्तुत गरिएको छ ।

यसरी कथाकारले समाजका विभिन्न तहका शक्ति, समूह, सङ्गठन र व्यक्तिमा शक्ति छरिएर रहेको देखाएका छन् ।

## निष्कर्ष

इस्मालीको शक्तिको अवधारणा परम्परागत मार्क्सवादी धारणाभन्दा केही भिन्न छ । मार्क्सवादीहरूका निम्ति शक्तिको स्रोत आर्थिक हुन्छ । सुरक्षा निकाय, सरकार र राज्यका संयन्त्रमा मात्र शक्ति हुन्छ भनिने परम्परागत मार्क्सवादी मान्यताको इस्मालीले विनिर्माण गरेका छन् । शक्ति लुकेर रहेका विभिन्न ठाउँहरूको उनले उजागर गरेका छन् । 'राहत' कथामा सेवानिवृत्त कर्मचारीले, बढुवा कथामा कौशलेन्द्रले, 'भगवतीको भोक' कथामा डा. भगवतीले, 'करोडपति' कथामा मामा र भाञ्जाले, 'अग्रगमन' कथामा आइएनजिओकर्मी दुलालले, 'डिल्लीराज' कथामा डिल्लीराजले, 'छोरीको बिहे' कथामा सुब्बा र सुब्बिनीले, 'गोलखाँडी' कथामा चोरले वाकपटुता, ज्ञान र शक्तिको

प्रयोग गरी शक्ति देखाएका छन् । 'श्रीको खोजी' र 'श्रीमान्‌को श्री' मा राज्य संयन्त्रमा नै रहेर शक्तिको दमनात्मक रूपको प्रयोग न्यायाधीशहरूले गरेका छन् । राज्यको संयन्त्रमा रहेर पनि प्रेमप्रसाद पौडेल शक्तिको प्रयोग गर्न नसकी निरीह बनेको छ। 'बाइओके' कथाको घण्टाकर्ण कर्मशील व्यक्ति भए पनि सङ्कथन कमजोर भएकाले निरीह देखिएको छ।

उनका राजनीति विषयक कथामा नेतृत्व भ्रष्ट भएकाले प्रत्येक दलको शक्ति गुमेको छ र तीसँग प्रचारात्मक शक्ति मात्र छ, ती दलहरूसँग खास शक्ति छैन । उनका राजनीति विषयका कथाका कार्यकर्ता पात्रहरू शक्ति सञ्चय गर्ने बित्तिकै पुरानो मार्क्सवादी दलमा प्रवेश गरी सुरक्षित बन्न खोज्छन् । सोझा, सूचनाशक्तिका दृष्टिले कमजोर, इमान्दार, भावुक र परम्परित नैतिकता भएका पात्रहरू मात्र विद्रोह र क्रान्तिप्रति प्रतिबद्ध छन् । नेतृत्वले यिनीहरूको इमानदारिताको शोषण गरेको छ । उनले राजनीति विषयक कथामा पनि शक्तिको अस्थिरता देखाएका छन् । उनले तीन सय चौरानब्बे' 'आन्दोलन', 'चमत्कारवाद', 'धृतराष्ट्र' र 'सपना' कथामा शक्तिको अस्थिरता देखाएका छन् । यी कथामा नेतृत्वले गरेको घातले शक्तिआर्जन गरेका दलहरू कमजोर बनेका छन्, 'राजनीतिमा लरायन' कथाको लरायनले गुण्डागर्दीको शक्तिलाई राजनीतिमा प्रवे श गराएको छ। 'तराई तराईजस्तो छैन र पहाड पहाडजस्तो छैन' मा भूमिगत समूहले शक्तिको उपभो ग गरेको छ। व्यक्तिहरू पनि सक्रिय निकाय हुन् र शक्ति धेरै ठाउँमा छरिएको हुन्छ भन्ने कुरा उनका विभिन्न कथामा व्यक्त भएको छ। उनका अधिकांश कथामा शक्तिको दमनात्मक रूपलाई देखाइएको छ। 'श्रीमन्‌को श्री', 'सपना', 'श्रीको खोजी', 'बढुवा' लगायतका केही कथामा शक्तिको प्रतिरोध भएको छैन । 'पाँचौं पुरुष' लगायतका थोरै कथामा मात्र शक्ति इन्जिन बनेको छ। शक्तिलाई सुरक्षा निकाय, सरकार र राज्य संयन्त्रमा मात्र सीमित नगरी सामाजिक सम्बन्धका रूपमा देखाइएको छ । छलफल, प्रतिरोध र पर्याप्त सुधार ल्याउन खोज्नु उनका उनका कथाको प्राप्ति हो ।

## सन्दर्भसूची

इस्माली, (२०७३), *श्रीको खोजी* (कथासङ्ग्रह), बागबजार : शिखा बुक्स ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त : अद्यतन चिन्तनका महान् पाश्चात्य प्रेणेता,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

प्रसाइँ, भावना (२०७४), *इस्माली श्रकिो खोजी कथासङ्ग्रहमा पात्रविधान,* अप्रकाशित स्नातकोत्तर शो धपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

शर्मा, कृष्णचन्द्र (२०७४), "मिसेल फुको : जीवनी, लेखन र मुख्य अवधारणाहरू", *समकालीन पाश्चात्य समालोचना सिद्धान्तका प्रणेताहरू,* सम्पा. ज्ञानु पाण्डे, काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान, पृ. ३१–६९ ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Abera, Teshome (2012). *Michel Foucault Power Knowledge*. Nexus, Squarbru Cren, Deutrchaland, Germany : Lap Lambert Academic Publishing.

Faucaut, Michel (1978). *The History of Sexuality*, Vol 1. An Introduction (trans, Robert Hurley), Harmonds Worth : Penguin.

Lemon, M.C. (2003). *Philosophy of History*. London and New York : Routledge.

Mills, Sara (2007). *Michel Foucault*. London and New York : Routledge.